# आर्थिक वर्ष २०८२/८३ को

# बजेट वक्तव्य

## सानीभेरी गाउँपालिका

## सिम्ली रुकुम (पश्चिमभाग)

२०८२

www.sanibherimun.gov.np

www.facebook.com/sanibherirm

# सानीभेरी गाउँभाको १७औं अधिवेशनमा सानीभेरी गाउँपालिका उपाध्यक्ष

# श्री कमला रोका पुन द्धारा प्रस्तुत

आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य

## सानीभेरी गाउँपालिका

## सिम्ली रुकुम (पश्चिम भाग)

## २०८२ असार १०

www.sanibherimun.gov.np

www.facebook.com/sanibherirm

**गाउँसभाका सभाध्यक्ष महोदय,**

**उपस्थित सम्पुर्ण गाउँ सभा सदस्य ज्यू हरु**

सार्वभौम सानीभेरीबासीको सम्मानित संस्था सानीभेरी गाउँसभाको १७ औं अधिवेशनको दोस्रो बैठकमा आर्थिक बर्ष २०८२/८३ को बजेट प्रस्तुत गर्न पाउँदा गर्वको अनुभुति गरेको छु ।

१. आर्थिक बर्ष २०८२/८३ को बजेट प्रस्तुत गरिरहदा म संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापना लागि समय- समयमा भएका राजनीतिक आन्दोलनहरु, महान जनयुद्व, जनआन्दोलन, विभिन्न समयमा भएका क्रान्ति र संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात - अज्ञात शहीदहरुप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।साथै घाइते आपांग र बेपत्ता नागरिकहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली स्थापना गरी प्रत्यक्ष लोकतन्त्रको अनुभुति हुने स्वायत्त स्थानीय शासनको स्थापना गर्नमा हरेक तह र तप्काबाट योगदान दिनुहुने आम सानीभेरी बासी आमा, बुबा, दाजुभाइ ,दिदि, बहिनी सबैमा नमन गर्न चाहन्छु ।

२. संवत २०८० साल कार्तिक १७ गते जाजरकोट केन्द्रविन्दु भई गएको विनाशकारी भुकम्पबाट अझैपनि अस्थायी आवासमा कष्टकर जीवन ब्यतीत गरिरहेका सानीभेरीबासीमा संघीय सरकार संग आवश्यक समन्वय र पहलकदमी गरी छिट्टै निजि आवास पुननिर्माण गरी जीवन सामान्य अवस्थामा फर्काउन नसकिएकोमा क्षमा चाहन्छु।आगामी आर्थिक बर्षमा निजी निवास तथा सावजनिक पुननिर्माणले पुननिर्माणले गति लिने विश्वास ब्यक्त गर्न चाहन्छु ।

३. आगामी आ.व.को बजेटलाई आत्मनिर्भर तथा समृद्व सानीभेरी गाउँपालिका निर्माणको लागि कोशेढुङ्गा सावित हुने बजेटको रूपमा विश्वास लिइएको छ। गुणस्तरीय शिक्षा, उत्पादनमुखी कृषि प्रणाली, बञ्चितीकरण रहितको सामाजिक न्याय र समानतामा आधारित समावेशी सानीभेरी, निर्माणको जग बसाल्नमा यस बजेटले मद्दत गर्नेमा मैले विश्वास लिएको छु ।

४. आगामी बजेट सेवा, विकास, सुशासन र सामाजिक न्यायको बढोत्तरी मार्फत समृद्व सानीभेरी गाउँपालिका निर्माणमा लक्षित हुनेछ।उत्पादनमा आत्मनिर्भरता र व्यावसायिकता मार्फत स्वरोजगारी सृजना गर्ने दिशामा बजेट उन्मुख रहेको छ ।

५. हाम्रो गाउँपालिकाको आन्तरिक स्रोत, संघ र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदानका आधारमा गाउँपालिका भित्र रहेका विभिन्न जात जाति, लिङ्ग, भाषा, धर्म, पेशा, बर्ग र क्षेत्रका आम नागरिकको विकास र समृद्विको आकांक्षा सम्बोधन गर्न र निर्वाचनको समयमा घोषणापत्रमा गरिएका वाचाहरू पुरा गर्न बजेट केन्द्रित गरिएको छ ।

६. सीमित स्रोत साधनलाई नागरिकको असिमित आकांक्षा पुरा गर्न आबश्यकता अनुसार प्राथमिकिकरण गरी योजना अनुरुप कार्यान्वयन गर्ने प्रयास गरेको छु।विनियोजित बजेटको कुशल एवं मितव्ययी रूपमा परिचालन गरी अपेक्षित उपलब्धी हासिल हुनेमा म विश्वस्त छु ।

**गाउँसभाका सभाध्यक्ष महोदय,**

**अव म चालू आर्थिक बर्ष २०८१।८२ को  बजेट कार्यन्वयनको समीक्षा संक्षेपमा प्रस्तुत गर्ने  अनुमति चाहन्छु ।**

७. मुलुकमा बढ्दै गएको आर्थिक संकट तथा खुम्चिदै गएको अर्थतन्त्रका कारण संघीय राजश्व लक्ष्य अनुसार प्रगति हुन नसकेकोले संघबाट गाउँपालिकालाई प्राप्त हुने राजस्व बाँडफाडको सिलिङ अनुसारको बजेट प्राप्त हुने संकेत नदेखिएको र वित्तीय समानीकरण अनुदानमा सिलिङ अनुरुपको बजेटमा ८.२४% ले कमी हुन आइ गाउँपालिकाका योजना तथा कार्यक्रमहरु कार्यन्वयन र भुक्तानीमा समस्या भएको अबस्था छ । गाउँपालिकाको आन्तरिक स्रोत बलियो  र पर्याप्त नभएको स्थितिमा चालू आ.व.का योजना तथा कार्यक्रमहरु कार्यन्वयन गर्न निकै चुनौतीपूर्ण हुने देखिन्छ  ।

८. चालु आ.व. २०८१/८२ मा यस सानीभेरी गाउँपालिकाको लागि संघीय सरकारबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत वित्तिय समानीकरण अनुदान रकम रु.९ करोड १२ लाख, शसर्त अनुदान चालु रू. २० करोड ६६ लाख ६० हजार ५ सय, शसर्त अनुदान पुंजिगत रू. ३ करोड १९ लाख ६६ हजार, बिशेष अनुदान पुंजिगत रू. ४० लाख बिनियोजन भएकोमा हालसम्म प्राप्त भएको रकम  रु..३३ करोड १३ लाख ५१ हजार ६ सय २० रहेको छ।

९. त्यसै गरी चालू आ.व.मा कर्णाली प्रदेश सरकारको  वित्तिय समानीकरण अनुदान अर्न्तगत रू. ९७ लाख ५३ हजार, शसर्त अनुदान पुँजीगत रू.३ करोड ५९ लाख शसर्त अनुदान चालू  रू.२० लाख १५ हजार, समपुरक अनुदान पुँजीगत ५२ लाख गरी जम्मा रू.५ करोड २८ लाख ६८ हजार प्रक्षेपण भएकोमा हालसम्म रु.२ करोड ८८ लाख ९५ हजार ६ सय ६४ प्राप्त भएको छ ।

१०. त्यसै गरी राजश्व बाँडफाँडबाट संघ तथा प्रदेश सरकारबाट रू.९ करोड ७० लाख ६७ हजार ८ सय ४० रूपैयाँ अनुमान प्राप्त भएकोमा हालसम्मको प्राप्त राजश्व रकम ७ करोड ४९ लाख २६ हजार ७ सय ९६ रहेको छ  भने सानीभेरी गाउँपालिकाको राजस्व बाँडफाड स्थानीयबाट ५५ लाख अनुमान गरेकोमा रु.३० लाख ५२ हजार ९ सय १७ प्राप्त भएको छ  ।

११. त्यसै गरी गाउँपालिकाको आन्तरिक आयबाट रू. १ करोड ५४ लाख ४० हजार र बैंक नगद मौज्दात रू.१ करोड ७ लाख ५१ हजार ३ सय  गरी कुल बजेट  रू. ५२ करोड ५४ लाख ५३ हजार ६ सय ४० प्रक्षेपण भएकोमा यो सभा चलिरहदा सम्म विनियोजित स्वीकृत बजेटको पुंजिगत र चालु गरी ४५ करोड ५८ लाख ३५ हजार ४ सय ६४ रुपैया अर्थात ८६.७५ प्राप्ति भएकोमा ३९ करोड ५९ लाख अर्थात ७४.२३ प्रतिशत खर्च भएको अवस्था छ।

१२. चालू आ.व.को गाउँपालिकाको समग्र प्रगति बिबरण र मुख्य मुख्य आर्थिक, सामाजिक एवं पूर्वाधारसंग सम्बन्धित परिसूचक र तथ्याङ्क समावेश भएको बिबरणहरु अनुसूचीमा समाबेश गरिएको छ।

**सभा अध्यक्ष महोदय,**

१३. विश्वव्यापी आर्थिक परिदृश्य तथा राष्ट्रिय अर्थतन्त्रमा शिथिलता उत्पन्न भई स्थानीय अर्थतन्त्र समेत दवावको स्थितिमा रहेको छ ।हाम्रो गाउँपालिकाको दिगो र भरपर्दा आर्थिक स्रोतहरु नभएकोले गर्दा संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान र राजश्वबाट बजेट बिनियोजन गर्नुपरेको अबस्था छ । हामीसंग प्राप्त हुने स्रोत साधनको समूचित परिचालनमार्फत सार्वजनिक खर्चलाई उपलब्धिमूलक र नतिजामुखी बनाई विकास र समृद्धिका आकाँक्षाहरु पूरा गर्नुपर्ने चुनौती हाम्रो सामू रहेको छ ।

१४. सानीभेरी गाउँपालिका भौगलिक रुपमा विकट, आर्थिक तथा सामाजिक रुपमा पछाडि र विकासको दृष्टिकोणले विस्तारै गुणात्मक फड्को लिइरहेको अवस्थामा विनाशकारी भुकम्पले धेरै मानिसहरुलाई गरिवी र अस्थायी आवासमा पुर्याएको छ। यस स्थितिमा गाउँपालिकाको सामाजिक न्याय र समानता सहितको विकास ब्यबस्थापन गरी मानव संशाधन विकासमा गुणात्मकता हासिल गर्नु र आगामी आर्थिक बर्षमा निजी तथा सार्वजनिक संरचनाको पुननिर्माण सुरुवात गरी जनतालाई पुरानै लयमा फर्काउनु हाम्रो लागि अर्को चुनौतीको रुपमा रहेको छ ।

१५. मुलुकको अर्थतन्त्रमा गुणात्मक सुधार आइ गाउँपालिकाको आर्थिक विकासमा समेत थप अवसर सृजना हुने आशा लिएको छु ।भुकम्पले तहसनहस बनाएका निजी र सार्वजनिक संरचना पहिलेको भन्दा अझ बलिया रुपमा पुनःनिर्माण भई विपद उत्थानशील क्षमता वृद्धि हुने हुनेमा विश्वस्त ब्यक्त गर्न चाहन्छु ।

सभाध्यक्ष महोदय,

१६. माथि उल्लिखित चुनौती र अवसरलाई मनन् गर्दै सानीभेरी गाउँपालिकाको दोस्रो पञ्चबर्षीय आवधिक योजना र मध्यमकालीन खर्च संरचनाले बोकेको "समृद्ध सानीभेरीः सुखी सानीभेरीबासी" को सपना साकार पार्न आगामी आर्थिक बर्ष २०८२/०८३ का बजेटका उद्देश्य र प्राथमिकता देहाय बमोजिम रहेका छनः

१. उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्नु,
२. मानव संशाधनको विकास गर्नु,
३. उपलब्ध स्रोत साधनको मितव्ययी, सन्तुलित र समन्यायिक ढङ्गले परिचालन गरी आर्थिक असमानता र गरीबी तथा बेरोजगारी न्यूनीकरण गर्नु,
४. विकासमा अन्तरतह र अन्तरनिकाय समन्वय र सहकार्य मार्फत दिगो एवं गुणस्तरीय भौतिक पूर्वाधार निर्माण गर्नु र
५. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाइ सुशासन कायम गर्नु,

बजेटका प्राथमिकता देहाय बमोजिम तय गरेको छुः-

१. कृषि क्षेत्रको रुपान्तरण र व्यावसायिक कृषि प्रणालीको प्रवर्द्धन र आर्थिक विकास
२. शिक्षा र स्वास्थ्यलाइ प्रविधिमैत्री बनाइ समग्र सामाजिक क्षेत्रको विकास,
३. गुणस्तरीय,दिगो र पर्यावरणमैत्री पूर्वाधार निर्माण,
४. वातावरण संरक्षण र विपद् व्यवस्थापन,
५. नागरिकमैत्री सेवा भ्रष्टाचार नियन्त्रण र पालिकाको संस्थागत क्षमता सुधार ।

**सभाध्यक्ष महोदय,**

१७. बजेटले लिएका उद्देश्य र प्राथमिकता हासिल गर्न देहाय बमोजिमका सुधारका प्रस्तावहरु पेश गरेको छु।

१८. आगामी बर्ष बजेट निर्माणका चरणबद्व कार्यहरुलाई समयमै शुरु गरी गाउँसभामा पेश गर्ने व्यवस्था मिलाइनेछ। यसबाट बजेट पेश गर्ने समयमा हतारमा काम गर्न नपर्ने साथै यथार्थपरक बजेट निर्माणमा टेवा पुग्ने विश्वास लिइएको छ ।

१९. आगामी आर्थिक बर्षको बजेट कार्यन्वयन योजना साउन मसान्तभित्रै स्वीकृत गरी कार्यन्वयनमा ल्याइनेछ । उक्त कार्ययोजना कार्यन्वयनका आधारमा खरीद योजना, ठेक्का ब्यबस्थापन, जनशक्ति ब्यबस्थापन र स्रोत व्यवस्थापनका कार्यहरु गरिनेछन् ।

२०. अन्तरसरकारी वित्त हस्तान्तरणमा तोकिए बमोजिम बित्त हस्तान्तरण गर्नका लागि संघ तथा प्रदेशसंग समन्वय गरिनेछ भने गाउँपालिकाको आन्तरिक श्रोतलाई प्रभावकारी रुपमा परिचालन तथा उपयोग गर्ने पद्दति अवलम्बन गरिनेछ ।

२१. स्रोत साधनमा परेको चाप र सिमित स्रोत साधनमा उच्चतम उपलब्धि हासिल हुने गरी गाउँपालिका र वडा कार्यालयका चालु खर्च कटौती गरिनेछ। सम्पुर्ण वडा कार्यालयहरु, शाखा कार्यालयहरु, आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु, गाउँपालिका अस्पत्ताल, गाउँकार्यपालिका कार्यालय लगायत सबै कार्यालयको मसलन्द सामाग्रीको समयमै टेन्डर आह्वान गरिनेछ । साथै इन्धन एवं कार्यालय सम्बन्धी सामान र प्रशासनिक खर्चमा मितव्ययी तथा मापदण्डमा आधारित बनाइनेछ ।

२२. अत्यावश्यक बाहेक गाउँपालिकाले दुइ पाङ्ग्रे वा चार पाङ्ग्रे सवारी साधन खरीद गर्ने छैन। सबै खर्च भएर जाने र लामो समयसम्म टिक्ने सार्वजनिक सम्पतिलाइ सार्वजनिक सम्पति ब्यवस्थापन प्रणालीमा आवद्ध गरिनेछ ।

२३. विषयगत शाखा र वडाहरुले दोस्रो त्रैमासिक अवधिसम्म कूल बजेटको ५० प्रतिशत वा सोभन्दा भन्दा बढी खर्च गरेमा बजेट रकमान्तर तथा संशोधन गरिनेछैन ।

२४. बजेट तथा कार्यक्रम कार्यन्वयनको नियमित अनुगमन तथा मूल्याङ्कन गरी सुधारका लागि पृष्ठपोषण उपलब्ध गराइनेछ । फागुन मसान्त पछी रु.३० लाख भन्दा बढी लागत अनुमानका आयोजनाहरु सम्झौता नगर्ने नीति अबलम्वन गरिनेछ।

**सभाध्यक्ष महोदय,**

**अब म आगामी आर्थिक बर्षको बजेटका मुख्य- मुख्य क्षेत्रगत कार्यक्रम र व्यय अनुमानको विवरण प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।**

## (क)आर्थिक विकास

२५. **प्रत्येक शुक्रबार हाटबजार जाऔ आफ्नो कृषि उपज बिकाऔ** उत्पादनमा आधारित अनुदान कार्यक्रमलाइ थप ब्यवस्थित बनाउनका लागि हाटबजारमा आउने कृषि उपजको अभिलेख राखी सोही अनुरुप मात्र अनुदान उपलब्ध गराइनेछ।उत्पादनमा आधारित अनुदान कार्यक्रमलाइ थप ब्यवस्थित बनाउनका लागि हाटबजारमा आउने कृषि उपजको अभिलेख राखी सोही अनुरुप मात्र अनुदान उपलब्ध गराइनेछ।सिम्लीमा रहेको हाटबजार सम्म कृषि उपज ल्याउन ढुवानी अनुदानको ब्यवस्था गरिनेछ।गाइभैसी सुत्केरी प्रोत्साहन भत्ता कार्यक्रमलाइ निरन्तरता दिइनेछ।कृषि र पशु क्षेत्रका उत्पादनमा आधारित अनुदान कार्यक्रमको लागि रु.३५ लाख विनियोजन गरिएको छ ।

२६. खाद्यान्न (धान,गहुँ ,मकै,) र तरकारी (प्याज, मुला, रायो) को गुणस्तरीय बीउ उत्पादनका साथै यसको क्षेत्र विस्तार गरिनेछ ।प्याजको बीउ उत्पादन गर्न पकेट क्षेत्र निर्धारण गरिनेछ।यसका लागि रु २२ लाख विनियोजन गरिएको छ ।

२७. कृषिमा काम गर्ने ब्यवसायिक कृषकको परिचय पत्र वितरणका लागि रु.२लाख विनियोजन गरिएको छ।पशुमा लाग्ने विभिन्न संक्रामक रोगहरु खोरेत, भ्यागुते, चरचरे, स्वाइन फिबर, पिपिआर, लम्पिस्किन, रानीखेत लगायतका अन्य रोगहरु नियन्त्रण तथा निवारण गर्न आबश्यक पर्ने औषधी खरिद गर्नका लागि रु ७ लाख बजेटको ब्यवस्था गरेको छ। पशु सेवा शाखा र कृषि शाखा बाट कार्यन्वयन हुने कार्यक्रमहरुको लागि आवश्यक बजेट छुट्याएको छ ।माटोको नमुना परिक्षण र बाली घुम्ती शिविरका(Plant Clinic)लागी रु २ लाख बजेट ब्यवस्था गरिएको छ ।

२८. कृषि प्रसार खाद्य सुरक्षा तथा पोषण सुधार सहयोग कार्यक्रमको लागि रु.२ लाख विनियोजन गरिएको छ।पालिकामा भैसीपालन गर्ने ब्यवसायिक किसानलाइ विशेष प्रोत्साहन गरिनेछ ।गाइभैसी पर्वद्धन कार्यक्रमका लागि रु ५ लाख विनियोजन गरेको गरिएको छ।कृषि पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक गरिनेछ ।५०% अनुदानमा कृषकहरुलाई गहूँ, मकै तरकारी तथा मसला बालीको बिउँ र फलफूलका बेर्ना उपलब्ध गराउन आवश्यक बजेटको ब्यवस्था गरिएको छ।

२९. नश्ल सुधारको लागि कृत्रिम गर्भधान मिसन कार्यक्रमलाइ निरन्तरता दिइएको छ।सानीभेरी गा.पा. वडा नं.-२ मा रहेको भैसी स्रोत यो आर्थिक बर्ष देखी समूह वा सहकारी मार्फत संचालन गर्ने ब्यवस्था मिलाईने छ।यसका लागि आवश्यक अनुदानको ब्यवस्था समेत गरिएको छ ।

३०. गाउँपालिकाको वडा नं ७ छोटेवगरमा निर्माणाधित सहिद स्मृति पार्क,युद्ध सङग्रालयलाई गाउँपालिका भित्रको पौराणिक कला ,भेषभुषा,मौलिकता साथै जनयुद्धमा प्रयोग भएका युद्ध सामाग्रीहरु संकलन गरि संग्राहलय स्थापना गर्न आवश्यक बजेटको ब्यवस्था गरिएको छ ।नेटा बजेनी मौराखारा पदमार्ग र विश्रामस्थल निर्माण सानीभेरी-६र पानीटाकुरा हासु पदमार्ग र प्रतिक्षालय निर्माण सानीभेरी-५ का लागि रु ३० लाख विनियोजन गरिएको छ।स्थानीय ठाडीभाका र पैसेरीको भिडियो डकुमेन्ट्री निर्माणका लागि रु.३ लाख २५ हजार ब्यवस्था गरिएको छ ।सानीभेरी गाउँपालिकाको कला संस्कृति प्रचार प्रसार गर्न सानीभेरी गाउँपालिका प्रज्ञा प्रतिष्ठानका लागि रु १ लाख विनियोजन गरिएको छ ।

३१. राष्ट्रिय मौराखारा गुरिल्ला म्याराथन सञ्चालन र ब्यवस्थापन गरी युद्ध र साहसिक पर्यटन संगसगै अनुपम जैविक विविधताको संरक्षण गर्न रु.१० लाख विनियोजन गरिएको छ ।उद्यमशीलता विकास सहजीकरण केन्द्र संचालन

गरिनेछ ।लघु उद्यम कार्यक्रम मार्फत उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी विकास गर्न तथा एडभान्स सिप विकास तालिम संचालन गर्न रु.१४ लाख विनियोजन गरिएको छ। लघुउद्यम कार्यक्रममा विनियोजित बजेटलाइ सिस्नोको धुलो र टिमुरको धुलो उत्पादनमा केन्द्रित गरिनेछ ।

३२. **रुकुमको गन्तब्य सानीभेरी सानीभेरीको गन्तब्य मौराखारा** अभियान अन्तर्गत मौराखारा र भेरीदह क्षेत्रमा पर्यटकीय गाइडलाइन अर्थात पर्यटकीय पदमार्ग रुट चिन्ह विकासका लागि रु १ लाख ५० हजार बजेट ब्यवस्था गरिएको छ।

३३. **एक फलफुलकको बोट रु. २० को नोट** कार्यक्रमलाइ सुरुवात गरिनेछ ।यसबाट प्राप्त नतिजाका आधारमा पालिकाभरी सघन रुपमा लागु गरिनेछ ।कृषि बन बनाउन सबैलाइ प्रोत्साहित गरिनेछ ।मानव र पछुपन्छीको द्धन्द हटाउन टिमुर तथा ओखर खेती प्रवर्धन गरिनेछ ।प्रारम्भमा यसका लागि रु ३ लाख वजेट विनियोजन गरिएको छ ।यसबाट फलफुल तथा कृषि बनको प्रर्वधन हुने अपेक्षा गरिएको छ।

३४. पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरुको प्रचार प्रसार गर्न **पहिला आन्तरिक अनि बाह्य पर्यटक**को नीतिलाइ अंगीकार गरिनेछ ।यसरी समग्र आर्थिक विकास क्षेत्रका लागि रु. ३ करोड ४२ लाख १७ हजार ४ सय २३ अर्थात ६.३४ प्रतिशत विनियोजन गरिएको छ ।

**<u>(क) सामाजिक विकास</u>**

३५. गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा विद्यार्थी र विद्यालय अनुपातमा तहगत शिक्षकहरुको दरबन्दी कम भई पठपाठनमा समस्या भएको हुदाँ गाउँपालिकाको करार अनुदानमा कार्यरत शिक्षक तथा बालविकास शिक्षकहरु र स्थायी शिक्षक ब्यबस्थापन गर्नका लागि रु.१२ करोड ४३ लाख बिनियोजन गरिएको छ। यसबाट बिद्यालयहरुमा दरबन्दी अभावलाई कम गर्ने विश्वास लिइएको छ।

३६. **हामी सुधाछौं हाम्रो विद्यालय** अभियान अन्तर्गत हरित विद्यालय वनाउन प्रोत्साहन गरिनेछ ।शिक्षाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि विज्ञ शिक्षक मार्फत विद्यालयलमा नमुना कक्षा सहितको सुपरिवेक्षण गर्न आवश्यक बजेटको ब्यवस्था गरिएको छ।

३७. माध्यमिक र आधारतभुत तह ६-८ मा अंग्रेजी, गणित र विज्ञान बिषयमा शिक्षण सिकाई अनुदानमा शिक्षक ब्यबस्था गर्नका लागि रु.१ करोड ४१ लाख ५६ हजार बिनियोजन गरिएको छ।

३८. सार्वजनिक विद्यालयमा अध्ययनरत बिद्यार्थीहरुको निःशुल्क रुपमा पाठ्यपुस्तक उपलब्ध गराउन रु.५० लाख ३ हजार बजेट बिनियोजन गरिएको छ ।

३९. गाउँपालिका भित्रका माध्यमिक र आधारभुत विद्यालयहरुलाइ डिजिटलाइजेसन गरी प्रविधिमैत्री वनाइनेछ ।बालबिकास देखी माध्यमिक तहका शिक्षक तथा कर्मचारीहरुलाइ तालिमको ब्यवस्था गरिनेछ ।विद्यालयमा पुस्तकालय आइसिटी ल्याव विज्ञान प्रयोगशाला ब्यवस्थापन गरी सिकाइमैत्री वातावरण निर्माणका लागी रु १ करोड ६५ लाख विनियोजन गरिएको छ ।यसबाट पालिकाभित्रको सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धि हुने विश्वास लिइएको छ । **उत्प्रेरक शिविर** र **अतिथि शिक्षक शिक्षण(Guest Class) को** ब्यवस्था मार्फत बालबालिकामा प्रेरक अनुभव सुन्ने र सुनाउने ब्यवस्था आवश्यक बजेट ब्यवस्था गरिएको छ ।

४०. कक्षा १-५ सम्मका बालबालिकाहरुका लागि दिवा खाजा ब्यबस्थापन गर्न रु.१ करोड ३९ लाख ९३ हजार बिनियोजन गरिएको छ। यसबाट बालबालिकाहरु नियमित विद्यालयमा आउने र पोषण स्वास्थ्यमा सुधार भई सिकाइ अभिवृद्दि हुने विश्वास लिइएको छ।

४१. सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १-९ सम्मका विद्यार्थीहरुको बार्षिक परीक्षा संचालन तथा ब्यबस्थापन गर्नका लागि रु.७ लाख बिनियोजन गरिएको छ ।

४२. स्थानीय बिषयको पाठ्यपुस्तक निर्माण गर्न रु ३ लाख विनियोजन गरिएको छ ।कक्षा १-८ सम्मका छात्राहरु र दलित छात्राछात्रहरुलाई दिदै आएको छात्रवृत्तिका लागी रु १७ लाख ८२ हजार विनियोजन गरिएको छ ।

४३. विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन तथा ब्यबस्थापन गर्न रु.५ लाख बजेट बिनियोजन गरिएको छ ।विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानका लागि ६८ लाख ६९ हजार बजेटको विनियोजन गरिएको छ ।

४४. शिक्षकहरुमा सक्षमता अभिवृद्धि गर्न तालिम, प्रशिक्षण तथा क्षमता विकासका कार्यक्रमहरुको लागि आबश्यक बजेट बिनियोजन गरिएको छ ।

४५. सामुदायिक माध्यमिक विद्यालयमा अध्ययनरत बालिकाहरुलाई लक्षित गर्दै महिनावारीको समयमा प्रयोग गरिने स्यानिटरी प्याडको ब्यबस्था गर्न रु २० लाख ६ हजार बजेट बिनियोजन गरिएको छ।

४६. प्राविधिक शिक्षामा पहुँच अभिबृद्धि गर्दै सीपमूलक शिक्षामा बढोत्तरी गर्न प्रत्येक बर्ष २ जना बिपन्न र आर्थिक तथा सामाजिक रुपले पिछडिएका बर्गका बिद्यार्थीहरुका लागि चिकित्सा शिक्षा अध्ययनका लागि लागत साझेदारीमा उच्च प्राविधिक शिक्षा उपलब्ध गराउन रु.१० लाख विनियोजन गरिएको छ।

४७. आधारभुत तहका प्र.अ. र विद्यालय ब्यवस्थापन समितिलाइ नेपालका नमुना विद्यालय अवलोकन गराउन विद्यालयसंगको साझेदारीमा शैक्षिक भ्रमणको आयोजना गर्न आवश्यक बजेटको विनियोजन गरिएको छ ।

४८. सामुदायिक विद्यालयहरु सन्चालन तथा ब्यवस्थापनका लागि अनुदान स्वरुप रु.२८ लाख २० हजार ब्यवस्था गरेको छ । कक्षा ६-१२ का विपन्न विद्यार्थीहरुका लागि रु.१६ लाख १४ हजार बिनियोजन गरिएको छ । यसबाट विद्यालय छोड्ने दरमा कमी आई छात्राहरुको समेत विद्यालयमा पहुँच बढने अपेक्षा लिइएको छ।

४९. गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका कार्यक्रमहरु कार्यन्वयन गर्नको लागि आवश्यक बिनियोजन गरिएको छ।

५०. आधारभूत स्वास्थ्य सेवालाई नागरिकको पहुँच अभिबृद्वी गर्न उपचारात्मक र प्रबर्द्धनात्मक सेवाहरु उपलब्ध गराइनेछ । स्वास्थ्य सेवाका साथै अन्य सरसफाइका कार्यक्रमहरु संचालन गर्न आबश्यक बजेटको ब्यबस्था मिलाइएको छ ।आगामी आर्थिक बर्षमा १५ शैया अस्पताल निर्माण सम्पन्न भई संचालनमा आउने र यसमा स्रोतको अभाव नहुने विश्वास लिइएको छ ।

५१.आर्थिक रुपमा अति विपन्न आकस्मिक दुर्घटना र सुत्केरी महिलालाइ जीवन रक्षाको लागी निशुल्क एम्बुलेन्स सेवाको लागि रु.८ लाख विनियोजन गरिएको छ। बिरामीहरुको सहज रुपमा स्वास्थ्य संस्थाहरुमा बिरामी पुर्याउनको लागि संचालन आएको एम्बुलेन्स सेवा व्यवस्थापन गर्न आवश्यक बजेट बिनियोजन गरिएको छ ।

५२. गाउँपालिका अस्पत्ताल र ११ वटै वडाका आधारभुत स्वास्थ्य चौकीहरुमा आवश्यक पर्ने अत्यावश्यक निशुल्क औषधी खरिदका लागि ३० लाख ८७ हजार विनियोजन गरिएको छ ।यसबाट आधारभुत स्वास्थ्य सेवा निशुल्क हुने विश्वास लिइएको छ ।मृगौला प्रत्यारोपण गरेका डायलाईलिस गराईरहेका क्यान्सर रोगी र मेरुदण्डका पक्षघात भएका विरामीहरुलाई औषधी उपचार खर्च वाफत मासिक रु.५ हजारका दरले उपलब्ध गराउनको लागि रु.८ लाख ४० हजार विनियोजन गरिएको छ ।

५३. गाउँपालिका अस्पत्तालमा कार्यरत कर्मचारी तथा स्वास्थयकर्मीहरुलाइ अतिरिक्त समय काम गरेवाफत परिमार्जित कार्यविधिका आधारमा विशेष प्रोत्साहन उपलब्ध गराउन रु.६ लाख विनियोजन गरिएको छ।

५४. **पोषित समाजको आधारः स्वास्थ्यमा सुधार** को आदर्श वाक्यलाइ मनन गर्दै सुनौला हजार दिनका आमा र बालिकाहरुको पोषण स्वास्थ्यमा सुधार ल्याउनका साथै पोषणमैत्री स्थानीय तह घोषणाका लागि पोषण कार्यक्रम अन्तर्गत लागि रु.४१ लाख विनियोजन गरिएको छ।यसबाट पोषणमैत्री स्थानीय शासनको प्रवर्धन हुने विश्वास लिइएको छ ।

५५. परिवार नियोजन सेवा, प्रजनन रुग्णता सेवा, किशोरकिशोरी स्वास्थ्य सेवा. मातृ तथा नवशिशु कार्यक्रम र नियमित खोप सुदृढीकरणका कार्यक्रमका लागि ६६ लाख १३ हजार विनियोजन गरिएको छ । यसबाट पुर्ण खोप सुनिश्चतता लगायत आमा र शिशु दुबैको स्वास्थ्यमा सुधार हुने अपेक्षा गरिएको छ ।

५६. स्वास्थ्य क्षेत्रमा कार्यरत स्वास्थ्य स्वयमसेविका लागि प्रोत्साहन र यातायात खर्चका लागि रु.१३ लाख ६८ हजार विनियोजन गरिएको छ।नागरिक उपचार सहायता कार्यक्रम अन्तर्गत रु.७ लाख विनियोजन गरिएको छ।आयुर्वेदको प्रचार प्रसार तथा नागरिक आरोग्य केन्द्र संचालनका लागि रु ५ लाख विनियोजन गरिएको छ।

५७. स्वस्थ समाजको विकास गर्न मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्महत्या रोकथाम सम्वन्धी जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ। यसका लागि ५ लाख ७० हजार बिनयोजन गरिएको छ।म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य कार्यक्रम अन्तर्गत घरटोलमा गई स्वास्थ्य प्रवर्धन कार्यक्रम सूचारु गरिनेछ।यसका लागि रु.४ लाख ६० हजार विनियोजन गरिएको छ।यसबाट जेष्ठ नागरिकहरुको घरटोलमा गइ स्वास्थ्य अवस्था परिक्षण मार्फत स्वास्थ्य अवस्था सुदृढ हुने विश्वास गरिएको छ ।

५८. शहिद परिवार र सशस्त्र द्धन्द्धमा घाइते भइ आर्थिक अभावमा कष्टकर जीवन ब्यतीत गरिरहेका ब्यक्तिहरुको उपचार सहायताका लागि रु ३ लाख विनियोजन गरिएको छ।शहिद परिवारलाइ निशुल्क विमा र परिचय पत्र वितरणको ब्यवस्था गरिएको छ।**गरौ योग रहौ निरोग** अर्थात योगलाइ दैनिक ब्यहारमा परिणत गर्न वृहत योग शिविर संचालनका लागी रु ३ लाख विनियोजन गरिएको छ।

५९. स्वास्थ्य सेवामा कार्यरत स्थायी र गाउँपालिका करार स्वास्थ्यकर्मीको तलभ भत्ता लगायतका सेवा सुविधाका लागी ३ करोड ४५ लाख विनियोजन गरिएको छ । शाखाका लागि अन्य आवाश्यक बजेट विनियोजन गरिएको छ।

६०. महिलाहरु विरुद्व हुने घरेलु हिंसा तथ हिंसापिडित महिलाहरुको आयआर्जनका लागि आबश्यक बजेट विनियोजन गरिएको छ । यसबाट समाजमा विभेद,शोषण तथा उत्पीडनलाई न्युनीकरण गर्न मद्दत मिल्ने विश्वास मैले लिएको छु ।पालिकाभित्र रहेका विपन्न छोरीहरुका लागि युनिसेफ संग साझेदारी गरी उनीहरुको पढाइ निरन्तरताका लागि आवश्यक बजेटको ब्यवस्था गरिएको छ।

६१. जोखिममा रहेका बालबालिकाहरुलाई शैक्षिक सहयोग कार्यक्रम,आपतकालीन बाल उद्धार कोष र बालबालिकाको शसक्तिकरण कार्यक्रमको लागि रु .५ लाख बजेट विनियोजन गरिएको छ ।

६२. महिनावारी सरसफाइ प्रवर्धन लैङ्गिम समानता समावेशिता र समाजिक उत्तरदायित्व जेडसी सम्वन्धी क्रियाकलाप संचालन गर्न रु १७ लाख ९३ हजार विनियोजन गरिएको छ ।यसबाट लैङ्गिक समानता र क्षमता विकासमा अभिवृद्धि हुने विश्वास लिइएको छ ।

६३. महिला, एकल महिला, दलित तथा अति बिपन्न समुदाय, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरुको आर्थिक तथा सामाजिक शसक्तीकरणका लागि आबश्यक बजेट विनियोजन गरिएको छ ।

६४. जेष्ठ नागरिकको मर्यादित र सम्मानित जीवनयापनका लागि जेष्ठ नागरिक सम्मान कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।अपाङ्ग जेष्ठनागरिक तथा लैङ्गिक समावेशी संस्थागत शौचालय सुधार तथा संरचना निर्माणका लागि १२ लाख बजेट विनियोजन गरिएको छ । यसबाट मैत्रीपुर्ण संरचनागत विकासको सुरुवात हुने अपेक्षा लिएको छु ।

६५. महिला संग उपाध्यक्ष कार्यक्रम अन्तर्गत महिलाहरुको आयआर्जन, एकल महिलाहरुको लागि सिपमुलक तालिम र प्रजनन स्वास्थ्य परिक्षणका लागि रु.३ लाख ५० हजार विनियोजन गरिएको छ ।

६६. बिहे नगरि ४० वर्ष पुरा भएका तथा १२ बर्षसम्म निजको श्रीमान बेपत्ता भए कष्टकर एकल जीवन विताइरहेका एकल महिलालाई कार्यविधीका आधारमा सामाजिक सुरक्षा भत्ता प्रदान गर्न रु.५ लाख विनियोजन गरिएको छ ।

६७. विभिन्न कारणले जोखिममा रहेका बालबालिकाको विद्यालय शिक्षामा निरन्तरता दिन शैक्षिक सहायता कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

६८. महिला तथा बालबालिका लागि अन्य आवश्यक बजेटको विनियोजन गरिएको छ।पालिकाभित्र रहेका संगठित र असंगठित क्षेत्रका ब्यक्तिहरुलाइ सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नका लागि रु २० लाख विनियोजन गरिएको छ।यसले सेवाको सुरक्षाको साथै मजदुर र कर्मचारी दुबैको मनोबल उच्च राख्ने विश्वास गरिएको छ ।

६९. युवाहरुको क्षमता तथा नेतृत्व विकास गर्न युवा क्लब गठन, युवा समूह परिचालन र युवामा नवप्रवर्तनशील उद्यमशीलताको विकास जस्ता कार्यक्रमहरु संचालन आवश्यक बजेट ब्यवस्था गरिएको छ।

७०. श्रमको सम्मान सानीभेरीको अभियान अन्तर्गत विभिन्न सिप बिकासका कार्यक्रम सन्चालन गरी आत्मनिर्भर युवा बन्नका लागि प्रोत्साहन गर्न आबश्यक बजेट ब्यवस्था गरिएको छ ।

७१. पालिका भित्र गौरवको रुपमा रहेको राष्ट्रिय मौराखारा गुरिल्ला म्याराथनलाई राष्ट्रिय खेलकुद परिषद तथा प्रदेश खेलकुद परिषद सँग साझेदारी गरी थप प्रभावकारी ब्यवस्थित बनाउन रु.१० लाख विनियोजन गरिएको छ।अध्यक्ष T-20 क्रिकेट लिग संचालनका लागी रु ३ लाख बजेट विनियोजन गरिएको छ ।

७२. सानीभेरी गापाका उत्कृष्ट खेलाडीलाइ सम्मान तथा प्रोत्साहन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।विद्यायहरुमा गरिने पिटी लगायत खेलकुद प्रशिक्षणका लागि खेलकुद प्रशिक्षकको ब्यवस्था गरी विद्यालय स्तर देखी नै प्रतिभावान खेलाडी उत्पादन गर्न आवश्यक वजेट विनियोजन गरिएको छ ।

७३. वास समिति युनिटको गठन, क्षमता विकास तथा वास गतिविधि सुसासन प्रवर्धनका लागि रु।९६ लाख ४८ हजार विनियोजन गरिएको छ।सुरक्षित खानेपानी संरचना निर्माण सुधार तथा स्तोरोन्नति र सेवा सहायता केन्द्र मार्फत मर्मत सम्भार विस्तारित खानेपानी सुरक्षा योजना +++ संचालन तथा कार्यन्वयन गरिने छ।यसका लागी रु ३ करोड ५२ लाख विनियोजन गरिएको छ ।यसबाट सानीभेरी गाउँपालिका भित्रका खानेपानी आयोजनाहरु दिगो रुपमा ब्यवस्थापन भई आधारभुत स्तरको खानेपानी सेवामा जनताको पहुँच बिस्तार हुने विश्वास लिइएको छ ।

७४. घारीखोला तल्लोलेक डलसिगें कोलगारे खानेपानी निर्माण सानीभेरी-८ र खाली खानेपानी आयोजना सानीभेरी-५ चिसापानी जंगलगाउँ खानेपानी निर्माण सानीभेरी-०१ र भेरी छडने छहरा देखी घर्तिगाउँ ज्ञानोदय आ.वि सुगुर

खाली हुदै गुरासे सम्मको खानेपानी निर्माण आयोजना सानीभेरी-०२ का लागि रु ६० लाख विनियोजन गरिएको छ । खानेपानी आयोजनहरुको मर्मत सम्भारका लागि ३ लाख ५९ हजार विनियोज गरिएको छ । यसले खानेपानी आयोजनाको दिगोपनामा टेवा पुग्ने विश्वास लिइएको छ ।

७५. कला, साहित्य ,भाषा र संस्कृतिको विकास तथा प्रवर्द्धन गरी पालिका स्तरीय प्रज्ञा प्रतिष्ठान स्थापनाका लागि आवश्यक बजेट छुट्याएको छु ।गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय पदमार्गहरु बनाउन आवश्यक बजेट ब्यवस्था गरेको छु।समग्रमा सामाजिक विकास क्षेत्रको लागि ३३ करोड ७८ लाख २ हजार ६ सय ११ रुपैया अर्थात ६२.५९ प्रतिशत विनियोजन गरिएको छ ।

**(ग) पूर्वाधार विकास**

७६. आज बनाऔ भूकम्प प्रतिरोधी घरः भोलिका लागि सुरक्षित गाउँघर को मुल मर्मलाइ आत्मसाथ गर्दै नक्सा पास गरी मापदण्डअनुरुपका घर बनाउन सबै सानीभेरीबासीलाइ प्रोत्साहित गरिनेछ।पुननिर्माणका लागि मिस्त्री तालिम परिचालन तथा अभिमुखीकरणका कार्यक्रम गरिनेछ।यस क्षेत्रमा पालिकाले आवश्यक बजेट परिचालन गर्नेछ।संघीय सरकासंग पुननिर्माणका लागि तदारुकताकासाथ पहल बढाइनेछ । प्रदेश सरकारबाट हस्तान्तरित सम्पुरक योजना अन्तर्गत सानीभेरी गाउँपालिका वडा नं ३,७,४,९ को वडा कार्यालय भवन र सहरे ज्यूला चौखे जनचाहना सडक स्तरउन्नती सानीभेरी ७ को लागि रु २ करोड ५२ लाख विनियोजन गरिएको छ ।सानीभेरी गाउँपालिकाको प्रशासकीय भवन निर्माणको बाँकी भुक्तानी दिनका लागि रु.३८ लाख विनियोजन गरिएको छ ।

७७. गाउँपालिकाभित्रका सडकहरुको नियमित मर्मत सभ्भार तथा स्तरोन्नति गर्नको लागि रु.५५ लाख विनियोजन गरिएको छ ।संघीय सरकारको अनुदानमा बाधाँपानी सडकको मोडादेखी रिटना गौलचौर सडक निर्माणका लागि रु.२० लाख विनियोजन गरिएको छ ।यसले दुर्गम बस्तीका सडक सुधार तथा स्तोरोन्ति हुने विश्वास लिइएको छ । प्रगतीशिल आ.वि बुकिचौर भवन निर्माण र शिब आ.वि मगरराङ्जा भवन निर्माणका लागि रु ९० लाख विनियोजन गरिएको छ ।

७८. झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत संघीय सरकारबाट रु.२२लाख विनियोजन गरिएको छ ।कर्णाली प्रदेश सरकारको शसर्त अनुदान तथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चाख्लिमेला गिठाकोट खोला नियन्त्रण र पदमार्ग निर्माण सानीभेरी-०२, रजैखोला घण्ठाना तटबन्ध निर्माण सानीभेरी-१०,बाघखोर पहिरो नियन्त्रण तथा तटबन्ध निर्माण सानीभेरी-११, भेरीखोला पुतलीबजार सिचाई कुलो निर्माण सानीभेरी-०३, सिमखोला स्यालबासे र खन्नेखोला सोताबगर सिचाई कुलो निर्माण सानीभेरी-०४, सरखोला सरचौर सिचाई कुलो निर्माण सानीभेरी-०७ खारखोला पेदा सिचाई निर्माण सानीभेरी-०९, नयाखोला तल्लो भलाचौर सिचाई कुलो निर्माण सानीभेरी-०३,चौखे सिरौला काप्रे रोल कृषि सडक निर्माण सानीभेरी-०७,पेदीखोला सार्कीमारे कृषि सडक निर्माण सानीभेरी-१०, खालचौर खिरखिरे सडक निर्माण सानीभेरी-०४ निर्माणका लागि रु.१ करोड ६५ लाख विनियोजन गरिएको छ ।

७९. रिम्ना पेदी, सिम्ली काफलबोट ,मध्यपहाडी गाउँपालिका,पेदी ज्यामिरे र पेदी सल्लीचौर घापाघार सडकको स्तोरोन्नतिको लागि आवश्यक समन्वय गरिनेछ।झिनचौर भलाचौर कमेदे मौराखारा पर्यटकीय सडक र मध्यपहाडी गाउँपालिका प्रशासकीय भवन सडक स्तोरोन्नतिको लागि रु ३५ लाख विनियोजन गरिएको छ ।

८०. भैपरी आउने चालु र पूँजीगत खर्चका लागि रु.४५ लाख विनियोजन गरिएको छ।यसबाट गाउँपालिकामा आकस्मिक रुपमा आइपर्ने पूँजीगत तथा चालु कार्यक्रमहरु कार्यन्वयन गर्न सहज हुने विश्वास लिइएको छ ।पालिकाभित्रको अब्यवस्थित पार्किङलाइ ब्यवस्थित बनाउन सानीभेरी गाउँपालिका वडा नं ३ पेदीबजारमा बसपार्क निर्माणका लागी रु ७५ लाख विनियोजन गरिएको छ ।

८१. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्न रु.४ लाख बजेट विनियोजन गरिएको छ ।

८२. सानीभेरी गाउँपालिका डिजिटल गाउँपालिका बनाउन गाउँपालिका कार्यालय ,वडाकार्यालय,स्वास्थ्य संस्था,विद्यालयहरुमा इन्टरनेट सेवा विस्तार गर्न रु.८ लाख बजेट विनियोजन गरिएको छ । पालिकाको वेबसाइट तथा मोबाइल एपमा कृत्रिम बुद्धिमत्ता (AI) आधारित च्याटबोट सेवा विकास गरि नागरिकका सामान्य जिज्ञासाहरूको डिजिटल उत्तर प्रणाली लागू गर्न रु ३ लाख विनियोजन गरिएको छ ।

८३. मौराखारा रेडियोलाइ थप ब्यवस्थित र सुदृढ बनाउन रु.५ लाख विनियोजन गरिएको छ ।सानीभेरी गाउँपालिकाको विकास सुशासन र समृद्धिको क्षेत्रमा विशेप योगदान गर्ने पत्रकारहरलाइ सम्मान गर्न आवश्यक बजेटको ब्यवस्था गरिएको छ ।

८४. पुर्वाधार क्षेत्रमा समग्र बजेट रु.६करोड ६४ लाख ३७ हजार ९ सय ३१ अर्थात १२.३१ प्रतिशत विनियोजन गरिएको छ ।

**(घ) सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र**

८५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गाउँपालिकामा सूचीकृत भइ छनौटमा परेका बेरोजगारहरुलाई १०० दिनको रोजगारीको ब्यबस्था गर्न रु. ६७ लाख ४४ हजार बजेट विनियोजन गरिएको छ । यसबाट आत्मनिर्भर स्वरोजगार तर्फ बेरोजगारहरु उन्मुख हुनेछन् भन्ने विश्वास लिइएको छ ।

८६. श्रमिकहरुले कार्यस्थलमा प्रयोग गर्ने औजार तथा सुरक्षा सामग्रीहरुको बन्दोबस्त गर्न आवश्यक बजेट ब्यवस्था गरिएको छ ।रोजगारीमा खटिनु पुर्व श्रमिकहरुलाई अभिमुखीकरण गर्न रु.१ लाख विनियोजन गरिएको छ ।श्रमको सम्मान सानीभेरीको अभियान तथा रोजगार संवाद मन्चको संचालनको लागि आवश्यक बजेटको विनियोजन गरिएको छ ।

८७. कर्मचारीहरुको कार्यक्षमतामा सुधार ल्याइ सेवा र विकासका कार्यहरुमा सक्षमता अभिवृद्धि गर्नका लागि विभिन्न तालिम, प्रशिक्षण र गोष्ठीका कार्यक्रमहरुका लागि आबश्यक बजेट ब्यबस्था गरेको छु ।

८८. संघ प्रदेश र गाउँपालिकाको लागत साझेदारीमा सानीभेरी गाउँपालिकाको दोस्रो पञ्चबर्षीय आवधिक योजना (२०८१/०८२- २०८५/०८६) कार्यन्वयन गर्न आबश्यक बजेट विनियोजन गरिएको छ ।

८९. सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग, सार्वजनिक सुनुवाइ, फाइबर नेट जडान र गाउँपालिकाको डिजिटल प्रोफाइल अद्यावधिक गर्न रु ५ लाख ६० हजार बजेट विनियोजन गरिएको छ ।

९०. भष्ट्राचार प्रति शुन्य सहनशीलताको नीति अपनाई उत्तरदायी र पारदर्शी सरकारको भावना अनुरुप सुशासनको प्रत्याभूति दिने गरी बजेट कार्यन्वयनको ब्यबस्था मिलाइएको छ।न्यायिक समितिको परिचालन तथा संचालन मेलमिलाप केन्द्रलाई व्यवस्थित र प्रभाकारी बनाउन मेलमिलाप सम्वन्धी उत्कृट काम गर्ने मेलमिलाप

कर्ताहरुलाइ कार्यविधिका आधारमा निश्चित पारिश्रमिकको ब्यवस्था गर्नको लागि रु.२ लाख बजेट विनियोजन गरिएको छ ।गुनासो सुनुवाई संयन्त्र स्थापानाका लागि आश्यक बजेट विनियोजन गरिएको छ ।

९१. गाउँपालिकाका विकास योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन,मूल्याङ्कन र अवलोकन तथा निरीक्षण गरी विकासमा गुणस्तरीयता अभिवृद्धी गर्न अनुगमन तथा मूल्याङ्कनका लागि आबश्यक बजेटको ब्यबस्था गरिएको छ।

९२. बैदेशिक रोजगारमा गइ स्वदेश फर्केका जनशक्तिलाइ सिटिइभिटी द्धारा सिप परिक्षण गर्ने ब्यवस्था मिलाइ उद्यम गर्न चाहने युवाहरुलाइ अनुदानको ब्यवस्था गरिएको छ ।एक झोलुङ्गे पुल एक संरक्षकको ब्यबस्था गर्न पारिश्रमिक स्वरुप रु.१ लाख ५० हजार बजेट विनियोजन गरिएको छ ।

९३. सरकारी खर्चलाई विधिसम्मत र प्रभावकारी बनाई बेरुजु कायम नहुने गरी कार्यसम्पादन गर्न खर्च प्रणालीमा सुधार गर्ने र बेरुजु फछ्र्यौट कार्यलाई अभियानका रुपमा संचालन गर्न रु २ लाख बजेट विनियोजन गरिएको छ ।

९४. पारदर्शी सरकारको अवधारणलाई आत्मसाथ गर्न सरकारका नीति, नियम, कार्यक्रम र सूचना तथा जानकारीहरुलाई सार्वजनिकीकरण गरी प्राप्त पृष्ठपोषणलाई अबलम्बन गरिने व्यवस्था मिलाइएको छ ।

९५. प्रत्येक वडामा घुम्ती सेवा,बार्षिक प्रगति समीक्षा,गुनासो सुन्ने मोबाइल एप्स निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

९६. विपद् पूर्वतयारी, विपद् प्रतिकार्य र पुनः स्थापना तथा पुनर्लाभिका कार्यहरु सञ्चालन तथा ब्यबस्थापन गर्न विपद् ब्यबस्थापन कोषको लागि रु.१० लाख बजेट विनियोजन गरिएको छ ।

९७. बन,वाताबरण र जलवायु अनुकुलनका कार्यक्रमहरु कार्यन्वयन गर्नको लागि आबश्यक बजेट ब्यबस्था मिलाइएको छ।

९८. सानीभेरी नदिमा देखा पर्ने वेवारिसे लास तथा आकस्मिक दुर्घटना भइ ज्यान गुमाएका सानीभेरी बासीहरुको मृत लास परिक्षण गर्दा लाग्ने यातायात खर्चका लागि रु.१ लाख विनियोजन गरिएको छ ।

९९. सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा समग्र बजेट रु.१ करोड २९ लाख ५२ हजार ९ सय ६८ अर्थात २.४ प्रतिशत विनियोजन गरिएको छ ।

**(ङ)कार्यालय संचालन तथा प्रशासनिक**

१००.सानीभेरी गाउँपालिका अन्तर्गतका वडा कार्यालय शाखा कार्यालय गाउँपालिका अस्पत्ताल विद्यालयहरु कार्यरत कर्मचारी तथा करार अनुदान शिक्षकको तलब भत्ता कर्मचारीको तलब भत्ता कार्यालय संचालन खर्चका लागि रु.८ करोड ८२ लाख ९६ हजार ६५ अर्थात १६.३६ प्रतिशत विनियोजन गरिएको छ ।

**सभाध्यक्ष महोदय**

१०१. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यन्वयनको लागि बजेट बिनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम बमोजिम गाउँपालिकाबाट सञ्चालन गरिने आयोजना तथा कार्यक्रम कार्यन्वयन र अनिवार्य दायित्व भुक्तानीका लागि स्थानीय सञ्चित कोषबाट हुने व्ययभार तर्फ रु.५३ करोड ९७ लाख ७ हजार विनियोजन गरिएको छ। युनडिपी, नाफा परियोजना, पाँचतारा युवा संरक्षक मन्च, सिएमसी नेपाल, आवाज संस्था, टिपिओ नेपाल

लगायतका गैर सरकारी संघ संस्थाद्धारा सानीभेरीको विकास, जीविकोपार्जन, मानसिक स्वास्थ्य प्रवर्धन र विपत ब्यवस्थापनको क्षेत्रमा रु. ३ करोड ९१ लाख ५६ हजार ८ सय ९१ परिचालन हुने अनुमान गरिएको छ।

१०२. आगामी आर्थिक वर्षको लागि कुल बिनियोजित खर्च रु.५३ करोड ९७ लाख ७ हजार मध्ये चालुतर्फ रु.३९३३९२४३२ (**अक्षरेपी उन्नचालीस करोड तेत्तीस लाख बयानब्बे हजार चार सय बत्तीस**) अर्थात ७२.८९ प्रतिशत र पुँजीगतमध्ये रु.१४६३१४५६७ (**अक्षरेपी चौध करोड त्रिसठ्ठी लाख चौध हजार पाच सय सरसठ्ठी** ) अर्थात २७.११ प्रतिशत रहने अनुमान गरिएको छ ।

१०३. आगामी आर्थिक वर्षमा अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजश्वबाट रु १ करोड २७ लाख ५१ हजार , स्थानीय तह राजस्व बाँडफाँड रु.३५ लाख , संघबाट प्राप्त हुने राजश्व बाँडफाँडबाट रु.९करोड ४३ लाख, संघबाट प्राप्त हुने समानीकरण अनुदान रु.९ करोड ३५ लाख,कर्णाली प्रदेशबाट प्राप्त हुने राजश्व बाँडफाँडबाट रु.१६ लाख, कर्णाली प्रदेशबाट प्राप्त हुने समानीकरण अनुदान रु.१ करोड १६ लाख,संघबाट प्राप्त हुने शसर्त अनुदान चालू तर्फ रु.२१ करोड ५५ लाख, शशर्त अनुदान पूँजीगत तर्फ रु.२ करोड ८२ लाख,विशेष अनुदान पुँजीगत ५९ लाख र कर्णाली प्रदेश समपुरक अनुदान रु. १ करोड ७७ लाख, शसर्त अनुदान पुँजीगत रु.२ करोड ४५ लाख, शसर्त अनुदान चालु रु.११ लाख ५६ हजार, विशेष अनुदान पुँजीगत ९० लाख र गाउँपालिकाको गत आ.व.को नगद मौज्जात रु.४० लाख प्राप्त हुने अनुमान गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

**अब म आगामी आर्थिक बर्ष २०८२/०८३ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।**

<u>राजश्व परिचालनको नीति तथा कार्यक्रम</u>

१०४. राजश्व परामर्श समितिको परामर्श तथा सुझाव र राजश्व सुधार कार्ययोजना २०८२ अनुसार राजश्वका नयाँ क्षेत्रको पहिचान गरी संकलन तथा दायरा विस्तार गर्ने व्यवस्था मिलाएको छु ।ढुङ्गा गिट्टी बालुवाको समयमै टेन्डर आह्वान भइ ठेक्का मार्फत राजस्व संकलन गर्ने ब्यवस्था गरिएको छ ।

१०५. गाउँपालिकामा दर्ता भएका ब्यवसायहरुलाइ पौष मसान्त सम्म नवीकरण गर्न आएमा जरिवाना मिनाहाको ब्यवस्था मिलाइएको छ ।

१०६. करदाताको कर आफ्नै गाउँपालिकाको सेवा र विकासको लागि हो भन्ने मान्यतलाई आत्मसाथ गर्दै करदाता शिक्षा संचालन गर्ने ब्यवस्था मिलाइएको छ ।

१०७. स्थानीय तहलाई प्राप्त कराधिकारका क्षेत्रहरु सम्पति कर, भूमि कर, घर बहाल कर, व्यवसाय कर ,जडिबुटी कवाडी र जीवजन्तु कर सवारी साधन कर विज्ञापन कर मनोरञ्जन कर बहाल बिटौरी कर सेवा शुल्क पर्यटन शुल्क लगायतमा कर असुली गर्ने ब्यबस्था मिलाइएको छ।

१०८. भूमि तथा मालपोतमा चालू आर्थिक बर्षको माघ मसान्तसम्म कर तिर्दा ५ प्रतिशतसम्म कर छुट दिने व्यवस्था मिलाइएको छ।

१०९. गाउँपालिका र वडास्तरमा संकलन भएको कर मासिक रुपमा सञ्चित कोषमा जम्मा हुने व्यवस्था मिलाइएको छ ।३ लाख मुनिका उद्योग र १० लाख मुनिका ब्यवसाय पालिकाभित्रै दर्ता नवीकरण र खारेजीको ब्यवस्था रहेको यसबाट आन्तरिक आयमा टेवा पुग्ने विश्वास लिइएको छ ।

११०. कर संकलन,दायरा विस्तार र कर छुट सम्बन्धी ब्यबस्था कानुन बमोजिम हुने गरी मिलाइएको छ ।

**सभाध्यक्ष महोदय,**

१११. आर्थिक वर्ष २०८०/ ०८१ को यथार्थ खर्च, आर्थिक वर्ष २०८१/ ०८२ को संशोधित अनुमान र आगामी आर्थिक बर्ष २०८२/०८३ को शीर्षकगत र स्रोत सहितको व्यय अनुमान यसैसाथ पेश गरिएको छ। अनुमानित आय-व्ययको बिवरण अनुसूचीमा उल्लेख गरएको छ ।

११२. आर्थिक बर्ष २०८२/०८३ को बजेट कार्यन्वयनमा आर्थिक , सामाजिक, पूर्वाधार विकास, पुनिर्माण र समग्र गाउँपालिकाको विकास तथा समृद्धिका आकाक्षाहरु पूरा हुने अभिलाषा लिइएको छ। साथै सेवा,विकास र सामाजिक समानता सहितको न्याय मार्फत समृद्ध सानीभेरी गाउँपालिका निर्माण गर्ने ध्येयले प्रस्तुत गरिएको बजेट कार्यन्वयनमा सम्बद्ध सबै पक्षको रचनात्मक सहयोग तथा सुझाव प्राप्त हुने विश्वास लिइएको छ।

११३. समृद्ध सानीभेरी सुखारी सानीभेरीबासीको सपनालाई साकार पार्न बजेटले लिएका उद्देश्य तथा प्राथमिकताहरु कार्यन्वयन भई नागरिकको जीवनस्तरमा अपेक्षित सुधार हुने र संघीय सरकारको सहयोगमा तिव्र गतिको पुननिर्माण मार्फत जनजीवन पुरानै लयमा फर्केने विश्वास लिइएको छ । बजेट निर्माणको क्रममा सहयोग गर्ने गाउँपालिका अध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत र सुझाव प्रदान गर्ने राजनीतिक दल, पूर्व जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, नीजि क्षेत्र, सहकारी क्षेत्र,नागरिक समाज, सञ्चार जगत, साझेदार संघ संस्था,बुद्धिजीवी र स्वदेश तथा विदेशमा रहनुहुने आम सानीभेरी गाउँपालिकाबासी सबैलाई हार्दिक आभार र धन्यवाद प्रकट गर्दछु ।

**।।।।।धन्यवाद ।।।।**

## कमला रोका पुन

**उपाध्यक्ष**